# नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको
# २०८१ साल चैत १९ गते मंगलवारका दिन सम्पन्न
# ७६ औं बार्षिक साधारण सभामा पेश भएका प्रस्ताव तथा निर्णयहरु

## १. वैधानिक सभा

कम्पनी ऐन, २०६३ र कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम कम्पनीको ७६ औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री लक्ष्मण पौडेलज्यूको अध्यक्षतामा निम्न स्थान, मिति र समयमा देहायका विषयहरु उपर छलफल गरी विधिवत रुपमा सम्पन्न भयो ।

***७६ औं साधारणसभा भएको स्थान, मिति र समय***
स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौं ।
मिति : २०८१ साल चैत १९ गते मंगलवार (तदनुसार १ अप्रिल २०२५ )
समय : बिहानको ११:०० वजे

## २. छलफल भएका बिषयहरु

**(क) सामान्य प्रस्तावहरुः-**

१) आ.व.२०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) आ.व.२०८०/८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३) कम्पनीको आ.व २०८०/८१ को मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रु १,६४,४२,४१,९३९।९४ (अक्षरुपी रु एक अर्व चौसठ्ठी करोड बयालिस लाख एकचालिस हजार नौ सय उनान्चालिस र पैसा चौरानब्बे) को १५ प्रतिशतका दरले हुने बोनस शेयर रु.२४,६६,३६,२९०।९० (अक्षरुपी रुपैंया चौबीस करोड छैसाठी लाख छतिस हजार दुई सय नब्बे र पैसा नब्बे मात्र) बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.७९ प्रतिशतले हुने रु.१,२९,८०,८५७।४२ ( अक्षरुपी रुपैंया एक करोड उनान्तीस लाख असी हजार आठ सय सन्ताउन्न र पैसा बयालिस मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

४) कम्पनीको आ.व.२०८१/८२ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरिक्षक Kripa Shrestha & Associates कानुनत पुनः नियुक्ती हुन सक्नेछ ।)

**ख) विशेष प्रस्तावहरु :-**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु १,६४,४२,४१,९३९।९४ (अक्षरुपी रु एक अर्व चौसठ्ठी करोड बयालिस लाख एकचालिस हजार नौ सय उनान्चालिस र पैसा चौरानब्बे) को १५ प्रतिशतका दरले हुने बोनस शेयर रु.२४,६६,३६,२९०।९० (अक्षरुपी रुपैंया चौबीस करोड छैसाठी लाख छतिस हजार दुई सय नब्बे र पैसा नब्बे मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२) मिति २०८१/०२/०४ गते बसेको कम्पनीको विशेष साधारण सभाबाट कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु १,६४,४२,४१,९३९।९४ (अक्षरुपी रु एक अर्व चौसठ्ठी करोड बयालिस लाख एकचालिस हजार नौ सय उनान्चालिस र पैसा चौरानब्बे) को ४० प्रतिशत अर्थात १० शेयर बराबर ४ शेयरका अनुपातले हकप्रद शेयर जारी गरे पश्चात (बनोस शेयर जारी गरे पश्चात हुने चुक्ता पूँजी अनुसार हकप्रद शेयर प्रतिशत पुनरावलोकन

हुन सक्ने) तथा आ.व. २०८०/८१ को बोनस शेयर रु.२४,६६,३६,२९०।९० जारी गरे पश्चात कम्पनीको जारी तथा चुक्ता पूँजी रु.२,५४,८५,७५,००७ (अक्षरुपी रु दुई अर्व चौवन्न करोड पचासी लाख पचहत्तर हजार सात) पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्ध-पत्रको दफा ५ को (ख) र (ग) मा भएको जारी तथा चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३) संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कम्पनीबाट भएका खर्च अनुमोदन गर्ने ।

४) संशोधित प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

ग) विविध :

३. उपस्थिति :

(क) सञ्चालक समितिको उपस्थितिः

| | | |
|---|---|---|
| श्री लक्ष्मण पौडेल | - अध्यक्ष | - प्रतिनिधि, नेपाल बैंक लि |
| श्री चन्द्रसिंह साउद | - सञ्चालक | - प्रतिनिधि, चार्टड क्यापिटल एण्ड ई.कं. |
| श्री सबिता श्रेष्ठ जोशी | - सञ्चालक | - सर्बसाधरण शेयरधनी समूह |
| श्री निशान्त जोगाई | - सञ्चालक | - प्रतिनिधि अग्रिम इन्टरनेशनल प्रा.लि. |
| श्री वीर बिक्रम रायमाझी | - सञ्चालक | - स्वतन्त्र सञ्चालक |
| श्री सजल मास्के | - सञ्चालक | - सर्बसाधरण शेयरधनी समूह |

(ख) कम्पनीका पदाधिकारीहरुको उपस्थिति

| | |
|---|---|
| श्री वीरकृष्ण महर्जन | - प्रमुख कार्यकारी अधिकृत |
| श्री ईश्वर पोखरेल | - नायब प्रमुख कार्यकारी अधिकृत |
| श्री चन्द्र नाथ उप्रेती | - सहायक प्रमुख कार्यकारी अधिकृत |
| श्री दयानिधि प्र.ओझैया | - मुख्य प्रबन्धक (दावी विभाग) |
| श्री उमेश अवस्थी | - मुख्य प्रबन्धक (लेखा तथा वित्त विभाग) |
| श्री गोकर्ण प्रसाद खतिवडा | - मुख्य प्रबन्धक (बजार व्यवस्थापन विभाग) |
| श्री हरिहरमानसिंह बस्नेत | - मुख्य प्रबन्धक (मानवस्रोत तथा व्यवस्थापन सेवा विभाग) |
| श्री समुन्द्र के.सी. | - बरिष्ठ प्रबन्धक -आरआई विभाग) |
| श्री सुलना श्रेष्ठ | - प्रबन्धक ((कम्पनी सचिव) |
| श्री अनल राउत | - प्रबन्धक (जोखिमाकंन विभाग) |

(ग) पर्यवेक्षक तथा प्रतिनिधिहरुको उपस्थिति

१) संस्थापक शेयरधनी नेपाल बैक लि.को तर्फबाट श्री दीपेन्द्र राज काफ्ले ।

२) संस्थापक शेयरधनी एशियन लाईफ इन्स्योरेन्स लिमिटेड तथा गुहेश्वरी मर्चेण्ट बैकिङ्ग एण्ड फाईनान्स लिमिटेडको तर्फबाट श्री सजल मास्के ।

३) संस्थापक शेयरधनी बिशाल मिनेरल्स एण्ड माइन्स प्रा.लि, ए.ए.ए..इन्भेष्टमेण्ट प्रा.लि, प्रुडेन्सियल क्यापिटल मेनेजमेन्ट कं प्रा.लि., युनाईटेड डिष्ट्रिब्युटर्स नेपाल प्रा.लि., लाईफ केयर डिष्ट्रिब्युटर्स प्रा.लि., एशियन डिष्ट्रिब्युटर्स प्रा.लि., भि.जि. अटोमोवाईल्स प्रा.लि., अग्रिम ईन्टरनेशनल प्रा.लि., सूर्य ज्योति लाईफ इन्स्योरेन्स क. लि. तथा पुजा ईन्टरनेशनल नेपालको तर्फबाट सञ्चालक श्री निशान्त जोगाई ।

४) संस्थापक शेयरधनी चार्टर्ड क्यापिटल एण्ड ईन्भेष्टमेन्ट लि. को तर्फबाट श्री चन्द्रसिंह साउद ।

५) कम्पनी रजिष्ट्रारको कार्यालयबाट उप-रजिष्ट्रार श्री देवी प्रसाद सुवेदी ।

(घ) **शेयरधनीहरुको उपस्थिति**

| | |
|---|---|
| १) स्वयम् | २८९ |
| २) प्रतिनिधि | ४ |
| जम्मा | २९३ |

४. **गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ (२) बमोजिम)**

| विवरण | कुल सङ्ख्या | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी | २४६०५ | २९३ | १.१९% |
| शेयर सख्या | १,६४,४२,४१९ शेयर संख्या मध्ये ९४,०७,९८९ को प्रतिनिधित्व भएको । | - | ५७.२१ % |

५.**सभाको वैधानिकता**

साधारण सभामा उपस्थित हुनुभएका शेयरधनी एवम् अन्य महानुभावहरुलाई सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ (२) बमोजिम आवश्यक गणपूरक सङ्ख्या पुगिसकेको हुँदा सभा वैधानिक भएकाले सभा सञ्चालन गर्नका लागि सभाबाट अनुमति लिई कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भएअनुसार सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष श्री लक्ष्मण पौडेलले गर्नुभयो । सभामा सञ्चालक समितिका अध्यक्ष एवम् सभाका अध्यक्ष, सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, नायव प्रमुख कार्यकारी अधिकृत, सहायक प्रमुख कार्यकारी अधिकृत, मुख्य प्रबन्धकहरु लगायत विभागिय प्रमुखहरु, अन्य कर्मचारीहरु, शेयरधनी महानुभावहरु, तथा अन्य आमन्त्रित नियामक निकायका प्रतिनिधि/पर्यवेक्षकहरुको आसन ग्रहण सम्पन्न गरीसके पछि कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री वीरकृष्ण महर्जनबाट सभामा उपस्थित सम्पूर्ण अतिथि, प्रतिनिधि/पर्यवेक्षक, कर्मचारी लगायत शेयरधनी महानुभावहरुलाई स्वागत मन्तव्य गर्नु भयो ।

६.**वार्षिक प्रतिबेदन प्रस्तुति र छलफल**

सभामा सञ्चालक समितिका अध्यक्ष एवम् सभाका सभाध्यक्ष श्री लक्ष्मण पौडेलले सञ्चालक समितिका तर्फबाट कम्पनीको आ.व.२०८०/८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुका साथै आ.व.२०८०/८१ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसूचिहरु उपर जिज्ञासा एवं सुझावहरु भए छलफलमा सहभागी हुन उपस्थित शेयरधनीहरुलाई अनुरोध भए बमोजिम देहाय बमोजिमका शेयरधनी महानुभावहरु छलफलमा सहभागी हुनुभयो ।

**छलफलमा प्रत्यक्ष सहभागी शेयरधनीहरु :**

१) श्री उत्तम दत्त पाण्डे
२) श्री सुदीप श्रेष्ठ
३) श्री भेषराज भण्डारी
४) श्री बह्मदेव शाक्य
५) श्री बैजूनाथ रौनियार
६) श्री उद्धव प्रसाद घिमिरे
७) श्री चन्द्र नारायण श्रेष्ठ
८) श्री नरसिंह लाल चखूँ
९) श्री गोविन्द बहादुर के.सी.
१०) श्री निरुपमा गुप्ता
११) श्री अमिर दास रंजित
१२) श्री इन्द्र प्रसाद लामिछाने
१३) श्री इन्द्र कृष्ण श्रेष्ठ

१४) श्री रोज कुमार श्रेष्ठ
१५) श्री धुव्रराज न्यौपाने
१६) श्री लवराज जोशी
१७) श्री उत्शव श्रेष्ठ

**सभामा उठेका प्रश्न, जिज्ञासा, सुझाव र प्रतिक्रिया संक्षिप्त रुपमा निम्न बमोजिम रहेका छन् :-**

- वार्षिक प्रतिवेदनमा स्वदेशी तथा विदेशी पुनर्बीमा कम्पनीहरुको लिष्ट राख्न हुन ।
- १५ प्रतिशत बोनस शेयर तथा ०.७९ प्रतिशत नगद लाभांश दिनु भएकोमा धन्यवाद ।
- अभिकर्ता बढाउनु हुनुका साथै कृषि, पशुपन्छी तथा जडीबुटि बीमा क्षेत्रमा जोड दिनु हुन ।
- कम्पनीको शाखा सञ्जालको विस्तार गरि बीमा व्यवसाय बृद्धि तर्फ पहल गर्नु हुन ।
- कम्पनीले गर्ने लगानीलाई शिक्षा, पर्यटन तथा हस्पिट्यालिटि क्षेत्रमा समेत विस्तार गर्नु हुन ।
- संस्थागत सामाजीक उत्तरदायित्व अन्तर्गत निर्धन, अशक्त व्यक्तिहरुलाई समेत समेट्नु हुन ।
- वार्षिक प्रतिवेदनमा उल्लेख भएका कम्पनीको strategy हरुलाई कार्यान्वयन गर्नुका साथै SWOT analysis राख्ने व्यवस्था मिलाउनु हुन ।
- समयमा नै वार्षिक प्रतिवेदन तयार गरी साधारण सभा गर्ने व्यवस्था मिलाउनु हुन ।
- Portfolio व्यवस्थापन गर्नु हुन ।

**सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री लक्ष्मण पौडेल ज्यूको जवाफ :**

कम्पनीको वार्षिक साधारण सभाको छलफलमा सहभागी हुनु भएका शेयरधनी महानुभावहरुले राख्नु भएका जिज्ञासा एवं सुझाबहरुको लागि धन्यवाद व्यक्त गर्दै सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री लक्ष्मण पौडेल ज्यूले माथि उल्लेखित सुझावहरुको पालना गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

**७. साधारण सभाका प्रस्ताव तथा निर्णयहरु**

**(क) सामान्य प्रस्तावहरुः-**

प्रस्ताव नं १ : आ.व.२०८०/८१ को संञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

निर्णय : **सञ्चालक समितिका अध्यक्ष श्री लक्ष्मण पौडेल ज्यूबाट कम्पनीको ७६ औं वार्षिक साधारण सभामा सञ्चालक समितिका तर्फबाट प्रस्तुत आ.व.२०८०/८१ को वार्षिक प्रतिवेदन सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं २ : आ.व.२०८०/८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

निर्णय : **कम्पनीको आ.व.२०८०/८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा, नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु उपर छलफल भई सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं ३ : कम्पनीको आ.व २०८०/८१ को मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रु १,६४,४२,४१,९३९।९४ (अक्षरुपी रु एक अर्व चौसट्ठी करोड बयालिस लाख एकचालिस हजार नौ सय उनान्चालिस र पैसा चौरानब्बे) को १५ प्रतिशतका दरले हुने बोनस शेयर रु.२४,६६,३६,२९०।९० (अक्षरुपी रुपैंया चौबीस करोड छैसाठी लाख छतिस हजार दुई सय नब्बे र पैसा नब्बे मात्र) बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.७९ प्रतिशतले हुने रु.१,२९,८०,८५७।४२ (अक्षरुपी रुपैंया एक करोड उनान्तीस लाख असी हजार आठ सय सन्ताउन्न र पैसा बयालिस मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

निर्णय : **कम्पनीको आ.व २०८०/८१ को मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रु १,६४,४२,४१,९३९।९४ (अक्षरुपी रु एक अर्व चौसट्ठी करोड बयालिस लाख एकचालिस हजार नौ सय उनान्चालिस र पैसा चौरानब्बे) को १५ प्रतिशतका दरले हुने बोनस शेयर रु.२४,६६,३६,२९०।९० (अक्षरुपी रुपैंया चौबीस करोड छैसाठी लाख छतिस हजार दुई सय नब्बे र पैसा नब्बे मात्र) बराबरको वोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.७९ प्रतिशतले हुने रु.१,२९,८०,८५७।४२ (अक्षरुपी रुपैंया एक करोड उनान्तीस लाख असी हजार आठ सय सन्ताउन्न र पैसा बयालिस मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं ४ : कम्पनीको आ.व.२०८१/८२ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरिक्षक Kripa Shrestha & Associates कानुनत पुन: नियुक्ती हुन सक्नेछ ।)

निर्णय : **कम्पनीको आ.व. २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम श्री Kripa Shrestha & Associates लाई रु.५,००,०००। (पाँच लाख, मु.अ.कर बाहेक) लेखापरीक्षण शुल्क भुक्तानी दिने गरि लेखापरीक्षकमा नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

**ख) विशेष प्रस्तावहरु :-**

प्रस्ताव नं १ : सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु १,६४,४२,४१,९३९।९४ (अक्षरुपी रु एक अर्व चौसट्ठी करोड बयालिस लाख एकचालिस हजार नौ सय उनान्चालिस र पैसा चौरानब्बे) को १५ प्रतिशतका दरले हुने बोनस शेयर रु.२४,६६,३६,२९०।९० (अक्षरुपी रुपैंया चौबीस करोड छैसाठी लाख छतिस हजार दुई सय नब्बे र पैसा नब्बे मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

निर्णय : **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु १,६४,४२,४१,९३९।९४ (अक्षरुपी रु एक अर्व चौसट्ठी करोड बयालिस लाख एकचालिस हजार नौ सय उनान्चालिस र पैसा चौरानब्बे) को १५ प्रतिशतका दरले हुने बोनस शेयर रु.२४,६६,३६,२९०।९० (अक्षरुपी रुपैंया चौबीस करोड छैसाठी लाख छतिस हजार दुई सय नब्बे र पैसा नब्बे मात्र) बराबरको वोनस शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं २ : मिति २०८१/०२/०४ गते बसेको कम्पनीको विशेष सांधारण सभाबाट कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु १,६४,४२,४१,९३९।९४ (अक्षरुपी रु एक अर्व चौसट्ठी करोड बयालिस लाख एकचालिस हजार नौ सय उनान्चालिस र पैसा चौरानब्बे) को ४० प्रतिशत अर्थात १० शेयर बराबर ४ शेयरका अनुपातले हकप्रद शेयर जारी गरे पश्चात (बनोस शेयर जारी गरे पश्चात हुने चुक्ता पूँजी अनुसार हकप्रद शेयर प्रतिशत पुनरावलोकन हुन सक्ने) तथा आ.व. २०८०/८१ को बोनस शेयर रु.२४,६६,३६,२९०।९० जारी गरे पश्चात कम्पनीको जारी तथा चुक्ता पूँजी

रु.२,५४,८५,७५,००७ (अक्षरुपी रु दुई अर्व चौवन्न करोड पचासी लाख पचहत्तर हजार सात) पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्ध-पत्रको दफा ५ को (ख) र (ग) मा भएको जारी तथा चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

निर्णय : **मिति २०८१/०२/०४ गते बसेको कम्पनीको विशेष साधारण सभाबाट कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु १,६४,४२,४१,९३९।९४ (अक्षरुपी रु एक अर्व चौसट्ठी करोड बयालिस लाख एकचालिस हजार नौ सय उनान्चालिस र पैसा चौरानब्बे) को ४० प्रतिशत (आ.व.२०८०/८१ को बोनस शेयर जारी गरे पश्चात हुने चुक्ता पूँजी अनुसार हकप्रद शेयर प्रतिशत समायोजन हुने) अर्थात रु.६५,७६,९६,७७६/- रकम बराबरको हकप्रद शेयर तथा आ.व. २०८०/८१ को बोनस शेयर रु.२४,६६,३६,२९०।९० जारी गरे पश्चात हुने कम्पनीको जारी तथा चुक्ता पूँजी सोही बमोजिम कम्पनीको प्रबन्ध-पत्रको दफा ५ को (ख) र (ग) मा भएको जारी तथा चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं ३ संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कम्पनीबाट भएका खर्च अनुमोदन गर्ने ।

निर्णय **मिति २०८१ साल असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण नेपालको विभिन्न स्थानमा बाढी तथा पहिरो आई धन जनको क्षति भएकोले नियमानुसार कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट प्राकृतिक प्रकोप व्यवस्थापन तथा राहत वितरणका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु.५०,००,०००।- (अक्षरेपी रु पचास लाख मात्र) सहयोग प्रदान गरिएको हुँदा सो को अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं ४ : संशोधित प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

निर्णय : **संशोधित प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

**ग) विविधः विविध अर्न्तगत कुनै प्रस्ताव नभएको ।**

**८. <u>धन्यबाद ज्ञापन तथा सभा समापन</u>**

अन्तमा, शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका अमूल्य सुझाव एवं सल्लाहहरु मार्गदर्शनको रुपमा लिने विश्वास दिलाउँदै यस सभालाई सफल पार्न सहयोग पुऱ्याउनुहुने कम्पनीका शेयरधनी महानुभावहरु, नियामक निकायबाट आउनु भएका प्रतिनिधि/पर्यवेक्षक तथा आमन्त्रित महानुभावहरु, कर्मचारीहरु सबैलाई हार्दिक धन्यवाद एवम् आभार व्यक्त गर्दै सभाका सभा अध्यक्ष एवम् सञ्चालक समितिका अध्यक्ष श्री लक्ष्मण पौडेल ज्यूबाट अपरान्ह १:३० वजे कम्पनीको ७६औं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

सुलना श्रेष्ठ
कम्पनी सचिव

लक्ष्मण पौडेल
अध्यक्ष

मिति : २०८१/१२/१९